# पर्सा गाउँपालिका
# स्थानीय राजपत्र

पर्सा गाउँपालिकाद्धारा प्रकाशित
वर्ष ४, २०७८ साल अतिरिक्तांक ४

## भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गाउँपालिकाे को गाउँ सभाले जारी गरेको ऐन सर्वसाधारण जानकारीको लागी प्रकाशन गरिएको छ ।

## संवत् २०७८ सालको ऐन

## पर्सा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन तथा सेवा सुबिधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

गाउँसभावाट पारीत मिति : २०७८।०३।३१

**प्रस्तावना :** सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई पर्सा गाउँपालिकामा कामकाज गर्न खटिएपश्चात साविकको गाउँ सेवामा प्रवेश गरी हाल सम्म स्थायी रुपमा कार्यरत रहेको
कमचारीहरुको समायोजन नभएको कारण पर्सा गाउँपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, संवत २०७४ साल देखी विज्ञापन र बढुवा नहुदा गाउँ सेवाका कर्मचारीहरुको बृद्धि विकास अवरुद भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेत लाई अधार मानि गाउँ सभामा कार्यरत रहेका र अन्य स्थानीय तह बाट सरुवा भई गाउँपालिकामा पद स्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्बन्धमा कानुनि व्यवस्था बाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पर्सा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम **"पर्सा गाउँपालिका कर्मचारी समायोजन ऐन २०७८"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को नलागेमा यस ऐनमा ,:
(क) "**कर्मचारी"** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको पर्सा गाउँपालिकाको स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायबाट समायोजन भई पर्सा गाउँपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले पर्सा गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झनुपर्छ ।

(ग) **"तोकिएको" वा "तोकिएको बमोजिम"** भन्नाले यस ऐन र गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **"गाउँ सभा"** भन्नाले पर्सा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **"गाउँ सेवा"** भन्नाले पर्सा गाउँपालिकामा रहेको कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।
(छ) **"गाउँपालिका"** भन्नाले पर्सा गाउँपालिकालाई सम्झनु पर्छ ।
(ज) **"स्थानीय कानुन"** भन्नाले पर्सा गाउँपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

**३. गाउँ सेवाका कर्मचारी समायोजन गर्ने :** (१) साविकको स्थानीय निकायको रुपमा गाउँपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई

गाउँपालिकामा सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाँका बखत गाउँपालिकामा कार्यरत गाउँ सेवा कर्मचारीहरुको समायोजन गरिनेछ ।
(२) उपदफा (१) बमोजिम सेवाका कर्मचारीहरुको समायोजन देहाय बमोजिम हुनेछ :

| **क.स.** | **साविकको तह** | **समायोजन पश्चात** | **पद नाम** | **कैफियत** |
|---|---|---|---|---|
| १. | श्रेणी बिहिण | कार्यसम्पादन मुल्यांकन | स्तरवृद्धि साविकको पद | |
| २ | सहायकस्तर द्धितिय | सहायकस्तर तृतिय | स सहायक | |
| ३. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | खरिदार | |
| ४. | सहायकस्तर चौथो | सहायकस्तर पाचौं | ना.सु. | |
| ५. | सहायकस्तर पाचौं | अधिकृतस्तर छैठौं | अधिकृत | |
| ६. | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं | बरिष्ठ अधिकृत | |
| ७. | अधिकृतस्तर सातौं | अधिकृतस्तर आठौं | उपनिर्देशक | |
| ८. | अधिकृतस्तर आठौं | अधिकृतस्तर नवौं | निर्देशक | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।
(४) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर बृद्धि हुनेछ ।
(५) यस दफा बमोजिम गाउँ सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाईपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।
(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजन बाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधार लिई समायोजन हुनुपुर्व अवधिको तलव तथा भत्ताहरुको दावी गर्न पाईने छैन ।

**४. समायोजनको पत्र दिने :** (१) यस ऐन बमोजिम समायोजन भएपश्चात गाउँ सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसुचि १ बमोजिमको हुनेछ ।

५. **पदस्थापन गरिने :** यस ऐन बमोजिम समायोजन भएपश्चात गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दि पुनरावलोकनले निर्धारण गरेबमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

**६. समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा :** यस ऐन बमोजिम समायोजन भएका गाउँ सेवाका कर्मचारीहरुको तलव अन्य सुविधा नेपाल निजामति कर्मचारी सरह स्थानीय कानुनले ताकेबमोजिम हुनेछ ।

७. **पुल दरबन्दी सम्बन्धि व्यवस्था :** दफा ३ बमोजिम समायोजन भएका गाउँ सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपुर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

८. **जेष्ठताको गणना :** (१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागी गणना गरिनेछ ।
(२) उपदफा (१) बमेजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भए पश्चात मात्र लागु हुनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउने :** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसुचि १
दफा ४ को उपदफा (२) सँग सम्बन्धित
**समायोजन पत्र**

पत्र संख्या :
चलानी नं. :

मिति :......................

श्री .......................
.................................

विषय : **समायोजन गरिएको सम्बन्धमा ।**

कर्मचारी समायोजन ऐन, २०७५ पर्सा गाउँपालिका कर्मचारी समायोजन ऐन, २०७८ बमोजिम.............................................. देखि जेष्ठता गणना हुने गरी तपाईलाई पर्सा गाउँपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही ईमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| **साविकको विवरण** | **समायोजन पछिको विवरण** |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा : | सेवा : |
| समुह : | समुह : |

.....................................
( प्रमुख प्रशासकीय अधिकृत )

**बोधार्थ :**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश नं. २
श्री प्रदेश लोकसेवा आयोग, जनकपुर ।
श्री कर्मचारी संचय कोष, ठमेल ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
श्री आर्थिक प्रशासन शाखा, पर्सा गाउँपालिका, सर्लाही ।

**प्रमाणीकरण मिति:**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**